# राप्ती नगरपालिकाको सातौं नगरसभामा पेश गरेको

## न्यायिक समिति प्रतिवेदन

यस राप्ती नगरपालिका न्यायिक समितिबाट आ .व.०७६।०७७ मा दर्ता गरिएका विवाद तथा निवेदन , मेलमिलाप तथा सिफारिस गरिएका मुद्धाहरु एंव निर्णयहरु गरिएका विवादहरु तपशिलमा उल्लेख गरेको छु ।

उपस्थित सम्पुर्ण नगर सभा सदस्य ज्यू हरु आर्थीक वर्ष ०७६।७७ सालमा न्यायिक समितिमा जम्मा ३७ (सैतिस) वटा उजुरी तथा निवेदनहरु दर्ता भएका थिए । उक्त उजुरी मध्य घरायसि विवादमा अंश तथा माना चामल र सम्बन्ध विच्छेदका जम्मा ६ वटा मुद्धाहरु दर्ता भएकोमा सबै मुद्धाहरु लाइ मेलमिलापको माध्यमबाट टुङ्ग्याउने काम गरियो । त्यसै गरि रकम लेनदेनको ३ वटा विवादहरु दर्ता भएका थिए । जस मध्य २ वटा विवादमा सम्बन्धित पक्षहरुलाई उपस्थित गराइ मेलमिलापको माध्यमबाट विवाद समाधान गरिएकोमा एक वटा विवादमा भने सम्बन्धित एक पक्ष उपस्थित नभएकोले विचाराधिन नै रहेको अवस्था छ । त्यसै गरि वैदेशिक रोजगारीमा जानुभएका व्यक्तिहरुको २ वटा समस्याहरु न्यायिक समितिमा दर्ता भएकोमा एउटा समाधान र एउटा समाधानको प्रकृयामै रहेको कुरा जानकारी गराउदछु ।

माननिय सभाका सदस्य ज्यूहरु यस आ .ब. २०७६।०७७ मा दर्ता भएका मुद्धाहरु मध्ये २१ वटा मुद्धाहरु झण्डै ६० प्रतिशत मुद्धाजग्गा, साँध सिमाना,बाटो, कुलो सम्बन्धी विवाद दर्ता भएका थिए । र ति मध्ये १६ वटा विवादहरु छलफल र मेलमिलापको माध्यमबाट समाधान गरियो भने ५ वटा विवाद भने समाधानको प्रकृयामा रहेको जानकारी गराउदछु । त्यसै गरि मुद्धा मामिला तथा विवादका निवेदन वाहेक अन्य किसिमका पत्रहरु जम्मा ५ वटा (सर्वोच्च अदालतबाट जिल्ला अदालत हुदै न्यायिक समिति मा प्राप्त परिपत्र ,भरतपुर महानगरपालिकाबाट प्राप्त पत्र , नगरपालिका संघ काठमाण्डौंबाट प्राप्त परिपत्र इत्यादी )दर्ता भएका छन् ।यि र यस्ता पत्रहरुमा आवश्यक कारवाही र प्रक्रिया पुरा गरि सुचना तथा पत्रचार समेत गरिएको कुरा यस सम्मानित सभा पेश गर्दछु ।

जम्मा विवाद दर्ता संख्या = ३७ वटा

विवाद समाधान संख्या = २६ वटा

सिफारिस गरिएका संख्या = ४ वटा

प्रकृयामा रहेका संख्या = ७ वटा

| क्र स | विवादको किसिम | संख्या |
|---|---|---|
| १ | जग्गा, साध सिमाना, बाटो, कुलो | २१ |
| २ | घरायसी विवाद (अंश, मानाचामल, तथा सम्बन्ध विच्छेद) | ६ |
| ३ | रकम लेनदेन | ३ |
| ४ | वैदेशिक रोजगार | २ |
| ५ | अन्य विभिन्न निकायबाट प्राप्त | ५ |
| ६ | जम्मा विवाद संख्या | ३७ |